# प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**<u>प्रस्तावना</u>** : कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त तथा राजश्व सङ्कलन र राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले कर्णाली प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम **"कर्णाली प्रदेशको आर्थिक ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन २०७५ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **<u>घर जग्गा रजिस्ट्रेशन शुल्क :</u>** (१) प्रदेशले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिस्ट्रेशन गर्दा घर जग्गा रजिस्ट्रेशन शुल्क लगाउनेछ ।

(२) घर जग्गा रजिस्ट्रेशन शुल्क रजिस्ट्रेशन गर्दाको बखतमा रजिस्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ ।

(३) घर जग्गा रजिस्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ ।

(४) यस दफाबमोजिम लगाइएको घर जग्गा रजिस्ट्रेशन शुल्क घर, जग्गा वा घर जग्गा रहेको गाउँपालिका वा नगरपालिकाले उठाउनेछ ।

(५) यस दफाबमोजिम उठाएको रजिस्ट्रेशन शुल्कमध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(६) यस दफाबमोजिम गाउँपालिका वा नगरपालिका वा मालपोत कार्यालयले घर जग्गा रजिस्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असूल गरी नेपाल सरकारले तोकेको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिस्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन ।

(८) आर्थिक वर्ष २०७५/०७६ मा अनुसूची-१बमोजिम घरजग्गा रजिस्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**३.** **<u>सवारी साधन कर:</u>** (१) प्रदेशले सवारी साधनमा सवारी साधन कर लगाउनेछ ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि **"सवारी साधन"** भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनुपर्छ ।

(२) उपदफा (१)बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिको सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाइ-सराइ गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिएबमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनुपूर्व सवारी तथा यातायात व्यवस्था ऐन, २०४९बमोजिम दर्ता भएका सवारी साधनका धनीले २०७५ चैत्र मसान्तसम्म उपदफा (३)बमोजिम सवारी दर्ता गरी कर बुझाई सक्नुपर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

(६) आर्थिक वर्ष २०७५/०७६ मा **अनुसूची-२**बमोजिम सवारी साधन कर लगाईने र असूल उपर गरिनेछ ।

४. **<u>मनोरञ्जन कर</u>** : (१) प्रदेशले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाउनेछ ।

(२) उपदफा (१)बमोजिमको मनोरञ्जन कर मनोरञ्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोहीबमोजिम अन्यथा मनोरञ्जन स्थलको टिकटमा लाग्नेछ ।

(३) उपदफा (२)बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जनस्थलको धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको पच्चिस गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा (३)बमोजिम जम्मा भएको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(५) यस दफाबमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(६) आर्थिक वर्ष २०७५/०७६ मा **अनुसूची-३** बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

५. **<u>विज्ञापन कर :</u>** (१) प्रदेशमा विज्ञापन सामग्री राखेबापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होर्डिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर, बेलुनजस्ता सामग्री सम्झनुपर्छ ।

(२) कसैले विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२)बमोजिमको निवेदन पर्न आएमा गाउँपालिका वा नगरपालिकाले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३)बमोजिमको अनुमति दिंदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, वातावरणीय स्वच्छता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नेछ ।

(५) नेपाल सरकार, प्रदेश र स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनुअघि गाउँपालिका वा नगरपालिकाले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नुपर्नेछ ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन ।

(८) यस दफाबमोजिम विज्ञापन करबाट उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(९) विज्ञापन कर असूलसम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानूनबमोजिम हुनेछ ।

६. **कृषि आयमा कर:**(१) प्रदेशले आफ्नो क्षेत्रभित्रको कृषि आयमा कर लगाउनेछ ।

(२) कृषि आयमा कर कृषि उपजको प्रारम्भिकरूपमा बिक्री गरेको बखत लगाइनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "कृषि उपज" भन्नाले धान, गहूँ, कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, मासुजन्य पदार्थ, माछा, दुध, तेलहनजस्ता अन्य खाद्यवस्तु सम्झनु पर्छ ।

(३) यस दफाबमोजिम कृषि आयमा करबाट उठेको रकम मध्येबाट साठ्ठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) यस दफाबमोजिमको कर प्रशासन प्रदेश सरकारले तोकेबमोजिम गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(५) उपदफा १ २ ३ र ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस आर्थिक वर्ष २०७५/०७६ मा उल्लिखित कर लगाइने र असुल गरिने छैन ।

७. **पर्यटन शुल्क :** (१) प्रदेशले आफैं निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउन पाउने छैन ।

८. **दहत्तर बहत्तर शुल्क :** (१) संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तरको सङ्कलन शुल्क प्रदेशले लगाउनेछ ।

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ढुङ्गा, बालुवा र दहत्तर-बहत्तरको सङ्कलन गर्नुअघि प्रचलित संघीय कानूनबमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारसमक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२)बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेशले नेपाल सरकारको नीतिको अधिनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३)बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्न गराउन सक्नेछ ।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्दा अपनाउनुपर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर-बहत्तर सङ्कलन गर्दा वा गराउँदा पालना गर्नुपर्नेछ ।

(६) ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्कमध्येबाट साठ्ठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(७) आर्थिक वर्ष २०७५/०७६ मा **अनुसूची-४** बमोजिम ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर-बहत्तर सङ्कलन शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानूनमा जनुसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानूनबमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्णरूपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१)बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्णरूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१)बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूलउपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

१०. **सवारी साधन कर र घर जग्गा रजिस्ट्रेशन शुल्कको अन्तरिम प्रशासनः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा भनिए तापनि अर्को व्यवस्था नभएसम्म नेपाल सरकारको आर्थिक ऐन, २०७५ को दफा २५ को व्यवस्थाबमोजिम नेपाल सरकारको तोकिएको कार्यालयले यस ऐनले निर्धारण गरेबमोजिमको दर अनुसारको कर तथा शुल्क उठाई प्रदेश विभाज्य कोष खातामा जम्मा गर्नुपर्नेछ ।

११. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने :** प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकताअनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

# रजिस्ट्रेशन दस्तुर सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर

क. घर जग्गा रजिस्ट्रेशन दस्तुर वा शुल्क :

| क्र. सं. | लिखतको प्रकार | रजिस्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | **राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत** | | |
| | क) राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको थैली अङ्कमा | **४%** | **२%** |
| | ख) सामुहिक आवास योजनाअन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | **२%** | **१%** |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवनसहितको घरजग्गाको लिखतको थैली अङ्कमा | **४%** | **२%** |
| २. | **छोडपत्र** | | |
| | दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखितको थैली अङ्कमा | **२%** | **१%** |
| ३. | **हालैदेखिको वकसपत्रको लिखत** | | |
| | हालैदेखिको वकसपत्रको लिखतको थैली अङ्कमा | | |
| | क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजू, भाउजू, भाइ, भाइवुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाइँ, सासू-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीवुहारी, काका, काकी, मामा, माइज्यू, भाञ्जा भाञ्जी ठूलो-बुवा, ठूली आमा (वावुतर्फका) आमाजू, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदैनी बीच । | | |
| | अ) रू.१ लाखसम्मको थैली अङ्कमा | **१%** | **०.५%** |
| | आ) रू.१ लाखभन्दामाथि जतिसुकै थैली अङ्कमा | **२%** | **१%** |
| | ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा | **१५%** | **१०%** |
| | ***स्पष्टीकरण :*** | | |
| | सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस, कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, स्थानीय निकाय तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन । | | |
| ४. | **अंशवण्डा तथा अंश भर्पाइको लिखत** | | |
| | अंशवण्डा तथा अंश भर्पाइको लिखतमा | | |
| | क) रू.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% |

| | | | |
|---|---|---|---|
| | ख) रू.३० लाखभन्दा बढी रू. २ करोडसम्मको थैली अङ्कमा | ०.३% | ०.३% |
| | ग) रू. २ करोडभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | |
| | क) मानो छुट्टिएको प्रतिलिखत | रू.१०,०००। | रू.५,०००। |
| | ख) मानो जोडिएको प्रतिलिखत | रू.१०,०००। | रू.५,०००। |
| ६. | **शेषपछिको वकसपत्रको लिखत शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत** | | |
| | क) तीन पुस्ताभित्रको | रू.५,०००। | रू.२,०००। |
| | ख) तीन पुस्ताबाहिरको | रू.१०,०००। | रू.४,०००। |
| ७. | **बन्धकीको लिखत** | | |
| | दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% |
| ८. | **धर्मपुत्र, धर्मपुत्रीको लिखत** | | |
| | धर्मपुत्र, धर्मपुत्रीको प्रतिलिखतमा | | |
| | क) तीन पुस्ताभित्रको नातामा | रू.१,०००। | रू.१,०००। |
| | ख) तीन पुस्ताबाहिरकोमा | रू.५,०००। | रू.४,०००। |
| ९. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रू.२,०००। | रू.२,०००। |
| | **कपाली तमसुक र करारनामाको लिखत** | | |
| १०. | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रतिलिखत | १% | १% |
| ११. | क्र.सं. ४ को अंशवण्डा तथा अंश भपाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सोबाहेकका अन्य क्र.सं. १ देखि ८ सम्मका घर जग्गा रजिस्ट्रेशन दस्तुर लाग्ने लिखतहरू अर्को इलाकामा पारित गर्न सकिने छैन । | | |

ख. सेवा शुल्कः

| सि नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | लिखत रजिस्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क लिखत रजिस्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुर : | रू.५,०००। | रू.२,०००। |
| २. | वित्तीय धितो | | |
| | नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | |
| | क) रू. १,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रू.१०००। | रू.१०००। |

| | | | |
|---|---|---|---|
| | ख) रू. १,००,०००।- भन्दा बढी रू. ५,००,०००।- सम्मको थैली अङ्कमा | रू.१५००। | रू.१५००। |
| | ग) रू. ५,००,०००।- भन्दा बढी रू.१०,००,०००।- सम्मको थैली अङ्कमा | रू.२५००। | रू.२५००। |
| | घ) रू.१०,००,०००।- भन्दा बढी रू.२०,००,०००।- सम्मको थैली अङ्कमा | रू.३,०००। | रू.३,०००। |
| | ङ) रू.२०,००,०००।- भन्दा बढी रू.५०,००,०००।- सम्मको थैली अङ्कमा | रू.५,०००। | रू.५,०००। |
| | च) रू. ५०,००,०००।- भन्दा बढी रू. १,००,००,०००।- सम्मको थैलीअङ्कमा | रू.२०,०००। | रू.२०,०००। |
| | छ) रू १,००,००,०००।- भन्दा बढी रू.२,००,००,०००।- सम्मको थैली अङ्कमा | रू.३०,०००। | रू.३०,०००। |
| | ज) रू २,००,००,०००।- भन्दा बढी रू.५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रू.६५,०००। | रू.६५,०००। |
| | झ) रू.५,००,००,००० भन्दा वढी जतिसुकै थैली अङ्कमा | रू.१०००००। | रू.१०००००। |
| ३. | लिज | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ को अनुसूची- १ अनुसारको दस्तुर लाग्नेछ । | |
| | सरकारी जग्गा लिजमा उपलव्ध गराउने | | |
| ४. | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपीको लागि (टिकट बाहेक) प्रति पुर्जा | रू. ३००। | रू.१००। |
| | नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपी लिँदासमेत लागु हुनेछ | | |
| ५. | दाखिल खारेज शुल्क | | |
| | (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ४% | २% |
| | (ख) अन्य मिलापत्र (अंश र अपुतालीबाहेक) को दाखिल खारिज गर्दा | २% | १% |
| | (ग) बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउँमा दा.खा. गर्दाको थैली अङ्कमा | ४% | २% |
| | (घ) बैंक, वित्तीय संस्था दाखिल खारेज वा सहकारीसंस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारेज गर्दा प्रतिमिसिल | रू.५०००। | रू.२०००। |
| | (ङ) बैंक, वित्तीय संस्था वां सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २% | १% |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड भई दाखिल खारेज हुन आउँदा प्रतिमिसिल | रू.३००। | रू.२००। |
| | (२) अदालत वा न्यायिक निकायको फैसलाबमोजिम लिलाम वढावढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रू.१०००। | रू.५००। |

| | | | | |
|---|---|---|---|---|
| | (च) शेषपछिको वकसपत्रको दाखिल खारेज | | | |
| | (क) तीनपुस्ता भित्रको भए | | सबै क्षेत्रका लागि अंशबण्डा सरह | |
| | (ख) तीनपुस्ता बाहिरको भए (थैली अङ्क)मा | | सबै क्षेत्रका लागि राजीनामा सरह | |
| ६. | नामसारी | नामसारी | | |
| | | (क)तीन पुस्ता भित्रको नामसारी गर्दा | रू १,०००। | रू.५००। |
| | | (ख)तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रू ३,०००। | रू.१५००। |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रतिमिसिल | रू.२००। | रू.१००। |
| ८. | घर कायम | श्रेस्ता पूर्जामा घर जनाउने प्रतिनिवेदनमा | रू.२,०००। | रू.५००। |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रतिमिसिल | रू.१००। | रू.५०। |
| १० | रोक्का दस्तुरः | क) लिखत रजिस्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने |
| | | ख) लिखत रजिस्ट्रेशन नहुनेमा | | |
| | | (अ) रू.१००,०००। सम्मको ऋण अङ्कमा | रू.३००। | रू.२००। |
| | | (आ) रू. १,०००००। भन्दा वढी रू.५,००,०००। सम्म | रू.५००। | रू.३००। |
| | | (इ) रू. ५ लाख भन्दा बढी जतिसुकै ऋण अङ्कमा | रू.७००। | रू.५००। |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रू.३०००। | रू.२०००। |

ग. विविधः

| | |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखतबाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ । |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडीबूटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेशन दस्तुर असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| ३. | सामुहिक खेती योजनाअन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिस्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेशन दस्तुर असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| ४. | सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेशन दस्तुर असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| ५ | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिस्ट्रेशन दस्तुर छुट हुनेछ । तर सेवा शुल्क एक हजार रूपैयाँ मात्र लाग्नेछ । |

| | |
|---|---|
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिस्ट्रेशन दस्तुर छुट हुनेछ। तर सेवा शुल्क पाँच सय रूपैयाँ मात्र लाग्नेछ। |
| ६ | (क) सहकारी ऐन, २०७४ वमोजिम दर्ता भै सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रूपैयाँसम्मको थैली अङ्कमा रोक्का दस्तुरबाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड ख. सेवा शुल्क महलको क्र.सं. २ वमोजिमको सेवा शुल्क लाग्ने छ। |
| | (ख) बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक-आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन दस्तुरबाहेक अन्य दस्तुर लाग्ने छैन । |
| ७ | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐनबमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरूपमा छुट हुनेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एव पिछडिएका जाती भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा आधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐनबमोजिम असूल गरिने घर जग्गा रजिस्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ९. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐनबमोजिम लगाइएको रजिस्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । तर एकल महिलाको हकमा भने पैंतिस प्रतिशत छुट हुनेछ । देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा पचास प्रतिशत छुट हुनेछ।<br>(अ) हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वकोरूपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा एक सय रूपैयाँ मात्र रजिस्ट्रेशन दस्तुर लाग्नेछ। |
| | (ग) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुरको लिखतमा पचास प्रतिशत छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेशन दस्तुर असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| १० | भूमिहीन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्णरूपमा छुट हुनेछ। |
| ११. | बैंक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्रअनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असूल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिस्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ। |
| १२ | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा निःशुल्करूपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिस्ट्रेशन दस्तुर छुट दिन सक्नेछ। |
| १३ | सहकारी ऐन अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुर सहकारी विभागको सिफारिसमा लाग्ने रजिस्ट्रेशन दस्तुर पूर्णरूपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिस्ट्रेशन दस्तुर असूल उपर गरिनेछ । |
| १४ | विविधको क्रम संख्या ७, ८, ९ र १० बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |

| | |
|---|---|
| १५ | एउटै कारोवारबाट पचास लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद-बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ । |
| १६ | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिस्ट्रेशन दस्तुर छुट दिईनेछ । |
| १७ | तीनपुस्ताभित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रम संख्या १ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १८ | संघीय सरकारअन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिस्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । त्यसै गरी प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा संघीय सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिस्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| १९ | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई नि:शुल्करूपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरीद गरी लिएमा सो मा रजिस्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| २० | वैदेशिक रोजगारीवाट बैंकिङ प्रणालीमार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेशन दस्तुर छुट दिइनेछ । |

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| | |
|---|---|
| १. निजी सवारी साधनमा देहायबमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| **क) कार, जिप, भ्यान, माइक्रो बस** | वार्षिक कर दर |
| अ) १००० सी.सी सम्म | **रू. १९,०००।-** |
| आ) १००१ देखि १५०० सी.सी सम्म | **रू. २१,०००।-** |
| इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | **रू. २३,०००।-** |
| ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | **रू. ३२,०००।-** |
| उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | **रू. ३७,०००।-** |
| ऊ) २९०१ सी.सी. देखिमाथि सबै | **रू. ५३,०००।-** |
| **ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेनजस्ता मेशिनरी** | |
| **उपकरण र मिनीटिपर** | |
| अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेनजस्ता मेशिनरी उपकरण | **रू. ३५,०००।-** |
| आ) मिनीटिपर | **रू. २५,०००।-** |
| **ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| (अ) थ्री ह्वीलर र टेम्पो | **रू.५,०००।-** |
| (आ) ट्रेक्टर | **रू.४,०००।-** |
| (ई) पावर टिलर | **रू.३,०००।-** |
| **घ) मिनिट्रक/मिनिबस** | **रू.२२,०००।-** |
| **ङ) ट्रक/बस** | **रू.३०,०००।-** |
| **च) मोटर साइकल** | |
| अ) १२५ सी.सी. सम्मको | **रू.२,५००।-** |
| आ) १२६ देखि २५० सी.सी. सम्म | **रू.४,०००।-** |
| इ) २५१ देखि ४०० सी.सी. सम्म | **रू.८,०००।-** |
| ई) ४०१ सी.सी. र सो देखिमाथि | **रू.१५,०००।-** |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहायबमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| **सवारीको किसिम** | |
| क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| अ) १३०० सी.सी.सम्म | **रू.८,०००।-** |
| आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | **रू.९,०००।-** |
| इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | **रू.११,०००।-** |
| ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | **रू.१३,०००।-** |
| उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | **रू.१५,०००।-** |
| **ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेनजस्ता मेशिनरी उपकरण** | **रू.१७,०००।-** |
| ग) थ्री ह्वीलर र टेम्पो | **रू.४,०००।-** |
| घ) ट्रेक्टर | **रू.२,५००।-** |

| | |
|---|---|
| ङ) पावर टिलर | रू.२,०००।– |
| च) मिनीट्रक, मिनीबस | रू.१२,०००।– |
| छ) मिनी ट्रिपर | रू.१४,०००।– |
| ज) ट्रक, बस | रू.१६,०००।– |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश र स्थानीय तहको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्नेसरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थबाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकार वा प्रदेश सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतकोरूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नुपर्ने सवारी साधन करमा पचास प्रतिशत छुट पाउनेछन् । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठरूपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रीमरूपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ठ बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक सङ्ग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १३. | बीस लाख रूपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ । |
| १४. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १५. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरकोरूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनुपर्ने सवारी साधन करबापत पचास हजार रूपैयाँ वा चार वर्षको सवारी साधन करबापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । तर यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १६. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७. | ढुवानी कार्य सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टनभन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १८. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मितिभन्दा अगाडीको अवधिको यस्तो कर लाग्ने छैन । |

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

मनोरञ्जन कर

| सि.नं. | विवरण | मनोरञ्जन करको दर |
|---|---|---|
| १ | चलचित्र प्रदर्शन गर्दा दर्शकहरूबाट प्रति टिकट | ५% |
| २ | सांस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सवार,कन्सर्ट, नाटकघर, भिडियोघर, थियटर, पार्कमा प्रति टिकट/विल | ५% |
| ३ | तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराएबापत प्रतिदिन | रू. १००/- |
| ४ | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराएबापत मासिक | रू. ५०००/- |

अनुसूची-४
(दफा ८ सँग सम्बन्धित)
दहत्तर-बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर प्रति |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्रबाहेक) | प्रतिक्यूवफिट | रू. २ देखि ३ सम्म |
| २ | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा जिल्ला बाहिर निकासी कर | प्रतिक्यूवफिट | रू. ३ देखि ५ सम्म |
| ३ | माटो आन्तरिक बिक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्रबाहेक) | प्रतिक्यूवफिट | रू. १ |
| ४ | माटो जिल्लाबाहिर निकासी कर | प्रतिक्यूवफिट | रू.२ |
| ५ | खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी करमात्र लगाइनेछ । | | |
| ६ | खानीजन्य वस्तुहरूको उपयोग गरी सिमेन्ट उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको बिक्रीमा बिक्री गर्दाकै बखत बिक्री मूल्यको (मूल्य अभिबृद्धि कर तथा अन्तः शुल्क बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोगबापत शुल्क लगाइने छ । | | |
| ७ | खानीजन्य वस्तुहरूको उपयोग गरी क्लिङ्कर उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित क्लिङ्करको बिक्रीमा बिक्री गर्दा कै बखत विक्री मूल्यको (मूल्य अभिबृद्धि कर बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोगबापत शुल्क लगाइने छ । | | |